# मालिकार्जुन गाउँपालिका
# Malikarjun Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office of Rural Municipal Executive

प.सं. २०८२/०८३
च.नं.

शंकरपुर, दार्चुला
सुदूरपश्चिम, नेपाल

मालिकार्जुन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शंकरपुर, दार्चुला

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना।

(प्रथम पटक सूचना प्रकाशन मिति:- २०८२-०५-१७ गते मंगलबार)

यस गाउँपालिकाको सामाजिक सुरक्षा तथा पञ्जीकरण सेवा इकाईमा रिक्त रहेको तपसिलको पदमा पदपूर्ति गर्नका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट जारी भएको सेवा इकाईको लागि जनशक्ति छनौट सम्बन्धी मापदण्ड, २०७६ को दफा ३ बमोजिम सेवा करारमा निम्नानुसारको जनशक्तिको आवश्यकता भएकोले तपसिलको योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०२-२०८२/०८३ | एम.आई.एस. अपरेटर | स्थानीय सेवाको पाँचौ तह सरह | १ (एक) जना | |

१. **आवश्यक न्यूनतम योग्यता सम्बन्धी विवरण:**

- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ मा कम्प्युटर विषय लिई उत्तीर्ण गरेको वा कम्तिमा प्रविणता प्रमाण-पत्र तह वा सो सरह उत्तीर्ण गरी कम्तिमा ६ महिना कम्प्युटर सम्बन्धी तालिम प्राप्त गरेको,
- दरखास्त दिने अन्तिम मिति सम्ममा अठार वर्ष पूरा भई चालिस वर्ष ननाघेको,
- भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारबाही नभएको,
- देवनागरी लिपिमा युनिकोड र अंग्रेजी दक्षतापूर्वक टाइपिङ गर्न सक्ने,
- Computer, Printer, Scanner, Multimedia लगायतका उपकरणहरुको प्रयोग गर्ने सीप भएको,
- MS-Office Package (Word, Excel, Access, Power Point etc.) को प्रयोग गर्न सक्ने क्षमता भएको,
- इमेल, इन्टरनेट सम्बन्धी आधारभूत ज्ञान भएको,
- व्यवस्थापन सूचना प्रणाली (MIS) सम्बन्धी आधारभूत ज्ञान भएको,
- कम्प्युटर मर्मत संभार सम्बन्धि सामान्य ज्ञान भएको।

प्रमुख प्रशासकीय अधिकृत

२. **परिक्षाको किसिम:** संक्षिप्त सूची प्रकाशन, कम्प्युटर टाइपिंग तथा सीप परीक्षण र अन्तर्वार्ता।

३. **पाठ्यक्रम:** मालिकार्जुन गाउँपालिकाको वेबसाइट www.malikarjunmun.gov.np मा राखिएको छ। सोही बमोजिम संक्षिप्त सूची प्रकाशन, कम्प्युटर टाइपिंग तथा सीप परीक्षण र अन्तर्वार्ता परीक्षा सञ्चालन हुनेछन। परीक्षाको मिति, समय र स्थान बारे सूचना पछि प्रकाशन गरिनेछ।

४. **आवश्यक कागजातहरु:** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले नेपाली नागरिकता वा राष्ट्रिय परिचय पत्रको प्रतिलिपी, न्यूनतम तथा सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपी, सरकारी तथा गैर सरकारी निकायबाट जारी भएको अनुभवसँग सम्बन्धित प्रमाणपत्रको प्रतिलिपी, कम्प्युटर सम्बन्धी छ महिनाको तालिम प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको फोटो २ प्रति। उल्लेलखित कागजातहरु स्वयं प्रमाणित गरी आफूले आवेदन दिन चाहेको पद प्रष्टरुपमा खुलाई तोकिएको ढाचाँमा हस्तलिखित निवेदन सहित गाउँपालिकाको प्रशासन शाखामा पेस गर्नु पर्नेछ।

५. **आवेदन शुल्क:** रु. ५००/-(अक्षरुपी: पाँच सय मात्र) जम्मा गरेको बैंक भौचर (माछापुच्छ्रे बैंक, शंकरपुर, पस्ती, दार्चुलामा रहेको आन्तरिक राजस्व खाता नं. ०८९००६७४४९६००११५ मा जम्मा गरेको) संलग्न गर्नुपर्नेछ।

६. **सेवा सुविधा तथा अन्य:** सेवा इकाईको लागि जनशक्ति छनौट सम्बन्धी मापदण्ड, २०७६ मा उल्लेख भएबमोजिम।

७. **दरखास्त दिने अन्तिम मिति:** सूचना प्रकाशित भएको मितिले १५ दिन सम्म कार्यालय समय भित्र (मिति २०८२/०५/३१ गतेभित्र)।

**नोट:**-दरखास्त पेस गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको कार्यालय समयभित्र दरखास्त पेस गर्नुपर्नेछ।